# नेपालः असमाहित र असमान शिक्षा

***अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा व्यवधान छन्***

(काठमाडौँ भदौ ७, २०६८) - नेपालका अपाङ्गता भएका बालबालिकाहरूले प्राथमिक शिक्षा प्राप्त गर्नमा विविध प्रकारका र जटिल व्यवधानहरू बेहोरिरहेका छन्, ह्युमन राइट वाचले आज जारी गरेको प्रतिवेदनमा भनिएको छ। ह्युमन राइट वाचले स्कूलहरू भौतिक रूपमा अप्ठ्यारा भएको, शिक्षकहरूले पर्याप्त तालिम नपाएको र अपाङ्गता भएका केही बालबालिकाहरू नजिकका स्कूलमा भर्ना पाउनबाट अन्यायपूर्वक वञ्चित भएको पाएको छ।

उक्त ७६ पृष्ठको प्रतिवेदन “खोसिएको भविष्य” नेपालका अपाङ्गता भएका बालबालिकाले गुणस्तरीय शिक्षा पाउनमा बेहोरिरहेका व्यवधानहरूको अभिलेख हो। अपाङ्गता भएका केही बालबालिकाले आफ्नै घर र समुदायमा दुर्व्यवहार र बेवास्ता भोगिरहेका छन् जसले गर्दा उनीहरूको स्कूलसम्मको पहुँच अझ कठिन भएको छ। यी व्यवधानहरूका कारण अपाङ्गता भएका विद्यार्थीहरूको हाजिरी उनीहरूका सबलाङ्ग साथीहरूका तुलनामा कम र स्कूल छाड्ने दर बढी छ।

“नेपालमा अपाङ्गता भएका दशौँ हजार बालबालिका स्कूलबाट या त निकालिएका छन् या त वेवास्ताको शिकार भएका छन्,” ह्युमन राइट वाचकी अपाङ्गता अधिकार अनुसन्धाता तथा पैरवीकर्ता शान्ता राव बारिगाले भन्नुभयो। “नेपालको शिक्षा प्रणालीले अपाङ्गता भएका लगायत सम्पूर्ण बालबालिकाहरूका लागि उपयुक्त र स्तरीय शिक्षा उपलब्ध गराउनु पर्छ।”

ह्युमन राइट वाचको उक्त प्रतिवेदन करीब १०० जना अपाङ्गता पैरवीकर्ता, शिक्षक, सरकारी अधिकृतहरू तथा अपाङ्गता भएका बालबालिका वा युवा र तिनका परिवारजनसित गरिएको अन्तर्वार्तामा आधारित थियो।

ह्युमन राइट वाचले अन्तर्वार्ता गरेमध्येका एकजना थिए सुदुर पश्चिमाञ्चलका १६ वर्षीय अमन। स्थानीय स्कूलमा ऱ्याम्प नभएको र स्कूलको प्रवेशद्वारमा दुईवटा ठाडा सिँढी भएकाले अमनले घस्रिएर कक्षामा जानु आउनु पर्छ। अमन अर्काको मदत बिना चर्पी जान सक्दैनन् र स्कूलका कर्मचारीले उनलाई मदत गर्दैनन्। त्यसैले या त उनले बेलुका घर फर्कुन्जेलसम्म दिसा पिसाब रोकेर बस्नु पर्छ या त कसैले उनका घर गएर आमालाई

स्कूलमै बोलाइदिनु पर्छ। कक्षाका अरू बालबालिका उनीसित बस्न डराउने भएकाले अमन एक्लै कुनामा बस्छन्।

स्कूल बाहिर रहेका नेपालका ३२९,००० भन्दा बढी बालबालिकामा अपाङ्गता भएका बालबालिकाहरूको सङ्ख्या निकै ठूलो छ भन्ने कुरा शिक्षा मन्त्रालयका अधिकारीहरूले नै स्वीकार गरेका छन्। सरकारले समाहित शिक्षा नीतिलाई अघि बढाएको छ तर त्यसका लागि समुदायले सबै बालबालिकालाई बिना कुनै भेदभाव शिक्षा दिनु आवश्यक हुन्छ। तर अपाङ्गता भएका बालबालिकाहरू धेरै बालबालिकाले सामुदायिक स्कूल जानका लागि आवश्यक सहयोग पाउँदैनन् र धेरै स्कूलहरू अपाङ्गता भएका बालबालिकाहरूलाई पढाउन तयार पनि छैनन्।

शिक्षामा समाहित विधि अपनाउनाले सबै विद्यार्थीहरूको पढाइ सप्रेको र अपाङ्गता भएका व्यक्तिहरूप्रतिको हानिकारक परम्परागत दृष्टिकोण फेर्नमा मदत पुगेको अनुसन्धानहरूले देखाएका छन्। तर नेपाल सरकार भने शारीरिक, चेतनागत वा बौद्धिक अपाङ्गता भएका बालबालिकाहरूका लागि पृथक्कृत र प्रायः न्यूनस्तरका कक्षाकोठाहरूमा भर परेको छ।

ह्युमन राइट वाचले अपाङ्गता भएका धेरै बालबालिकाहरूका स्कूलबाट सीधै फर्काइएका छन् भन्ने पाएको छ। ह्युमन राइट वाचले अन्तर्वार्ता गरेका अपाङ्गता भएका बालबालिकाहरूका परिवारहरूमध्ये आधाभन्दा धेरैले भने अनुसार सरकारी र नीजि दुवैथरी स्कूलले तिनका बालबालिकालाई भर्ना नै लिन अस्वीकार गरे। धेरै आमाबुवालाई त पढ्न पाउनु आफ्ना सन्तानको अधिकार हो भन्ने पनि थाहा छैन।

अन्तर्राष्ट्रिय दाता र राष्ट्रसंघीय निकायहरूलाई अपाङ्गता भएका बालबालिकालाई स्कूलमा पढ्ने वातावरण मिलाउनका लागि पर्याप्त सार्थक प्रयास नभएको कुरा अवगत भए तापनि शिक्षाका लागि उपलब्ध स्रोत अपाङ्गता भएका बालबालिकाले फाइदा पाउनेगरी, न्यायसङ्गत ढङ्गले र बिना भेदभाव वितरण होस् भन्नेतर्फ उनीहरूले पर्याप्त काम गरेका छैनन्, ह्युमन राइट वाचले भनेको छ ।

"नेपालमा सबैका लागि शिक्षा कार्यक्रममा स्रोत जुट्न थालेपछि अपाङ्गता भएका बालबालिकाहरू बाहिर नपरून भन्ने कुरामा सरकार, संयुक्त राष्ट्रसंघ र अन्तर्राष्ट्रिय दाताहरूले विशेष ध्यान पुऱ्याउनु पर्छ," बरिगाले भन्नुभयो। "सरकार र यसका साझेदारहरूले अपाङ्गता भएका बालबालिकाहरू, अझ खासगरी बौद्धिक वा विकास

सम्बन्धी अपाङ्गता भएकाहरूलाई मूलधारका स्कूलहरूमा एकीकृत गर्न स्पष्ट योजना बनाउनु पर्छ। ”

नेपालका स्कूलहरूको पाठ्यक्रममा बालबालिकाको सिक्ने क्षमता र आवश्यकतालाई वास्ता नगरिने भएकाले मूलधारका स्कूलमा पढ्ने अपाङ्गता भएका बालबालिका पटक पटक फेल हुन्छन् र उनीहरूले कक्षा दोहोऱ्याउनु पर्छ। मनोसामाजिक अपाङ्गता भएका १५ वर्षीय एकजना बालकले ह्युमन राइट वाचलाई बताए, “मैले कक्षा १ मा तीनवर्ष बिताएँ, कक्षा २ मा तीन वर्ष अनि कक्षा ३ मा एक वर्ष। तर पनि मैले अक्षर चिनेको छैन। जाँचमा मेरो पेपर सरले लेखिदिनु भएकाले म पास भएँ।” अपाङ्गता भएका बालबालिकाहरूका लागि शिक्षामा विकल्प नभएकाले, विकल्पका बारेमा जानकारी नभएकाले र अपाङ्गता भएका बालबालिकाहरूलाई स्कूलहरूले भर्ना लिन नमान्ने भएकाले केही अभिभावकहरूले बताए अनुसार, उनीहरूसित बच्चालाई कोठामा थुन्नु वा खाँबामा बाँधेर राख्नु बाहेक अर्को विकल्प नै छैन।

विकाससित सम्बन्धित अपाङ्गता भएका एकजना बालककी आमाले ह्युमन राइट वाचलाई बताइन्, “म उसलाई खाना दिन्छु, चिया पनि लगिदिन्छु। कोठामा दिसापिसाप गर्छ, त्यो पनि सफा गर्छु। मैले त सिङ्गै घर हेर्नुपर्छ, उसलाई मात्र त हेरेर बस्न सक्दिन। म उससित मात्र बस्न थालेँ भने त अर्को बच्चाको बस छुट्छ, अरू सबै कुरा अस्तव्यस्त हुन्छ।” उनी आफ्नो छोरालाई दिनको एक दुई पटक खुला हावामा निकाल्छिन्।

नेपाल सरकारले शिक्षक तालिमका सामग्रीहरूलाई संशोधन गर्नु तथा समाहित शिक्षाका शिक्षण विधिका बारेमा सबै शिक्षकहरूलाई तालिम दिन र अपाङ्गता भएका बालबालिकाहरूका लागि शिक्षामा पहुँच र प्रभावकारिताको अनुगमनमा सुधार गर्न आवश्यक छ। सरकार र दाताहरूको सहकार्यमा अपाङ्गता भएका बालबालिकाहरूको शिक्षाको अधिकार र अन्य अधिकारहरूका बारेमा चेतना अभिवृद्धि तथा शिक्षामूलक कार्यक्रम सञ्चालन गर्न पनि आवश्यक छ। संसदले अपाङ्गता भएका व्यक्तिहरूद्वारा सञ्चालित सङ्गठनहरूको सहकार्यमा विद्यमान ऐनकानूनहरूको पुनरावलोकन गरेर सबैलाई अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी राष्ट्रसंघीय महासन्धी (CRPD) सित अनुकूल बनाउनु पर्छ, ह्युमन राइट वाचले भनेको छ।

स्कूल प्रणालीलाई सबै बाल बालिकाप्रति पूर्ण समावेशी हुन समय लाग्छ र सरकारले त्यतातिर कदम बढाउन जरुरी छ, ह्युमन राइट वाचले भनेको छ।

उदाहरणका लागि, प्रारम्भिक रूपमा मूलधारका स्कूलमा जाने बीचको समयमाका रूपमा परिकल्पना गरिएको भए तापनि पृथकीकरणलाई नै कायम राख्ने भएकाले सरकारले विशेष स्रोत कक्षाहरूका बारेमा पुनर्विचार गर्न आवश्यक छ। यस्ता कक्षाका बालबालिकाको उमेर ६ वर्षदेखि १७ वर्षसम्म र कोही २० सम्म पुगेका छन् र प्रायः यी कक्षामा विद्यार्थी वर्षौंसम्म रहन्छन्।

“नेपालले अपाङ्गता भएका सबै बालबालिकाको सुरक्षित, सहज पहुँच भएको र भेदभावरहित वातावरणमा शिक्षा पाउने अधिकारको संरक्षण गर्ने आफ्नो दायित्वको सम्मान गर्न आवश्यक छ” बारिगाले भन्नुभयो। “अपाङ्गता भएका बालबालिकाहरू पछाडि छाडिनुहुन्न, उनीहरूलाई थुन्नु पनि हुँदैन र पढ्ने अवसरबाट वञ्चित गराइनु पनि हुन्न।”